# बक्स अफिस समाचार

## फिल्म बन्द भएपछि म्युजिक भिडियोमा रमाउँदै



**मध्यान्ह संवाददता**
काठमाडौं, ५ असोज

लामो समयको लकडाउन र करिब एक महिना लामो निषेधाज्ञापछि कोरोना संक्रमणको त्रासबीच अन्य क्षेत्र विस्तारै तङ्ग्रिने सुरसारमा लागे पनि चलचित्र क्षेत्र भने बन्दै छ। चलचित्र क्षेत्र बन्द हुँदा करिब ३० हजार चलचित्रकर्मी अलपत्र परेका छन्। चलचित्र निर्माता संघका अनुसार कलाकार, प्राविधिक, निर्माता तथा स्रष्टा गरेर करिब ३० हजार चलचित्रकर्मी अलपत्र परेका हुन्।

यसमध्ये सबैभन्दा धेरै चलचित्र प्राविधिक समस्यामा छन्। लामो समय काम ठप्प हुँदा प्राविधिकहरूलाई अझ धेरै समस्या भएको हो। चलचित्र प्राविधिक संघका अनुसार करिब ३५ सय प्राविधिकमा १५ सय अझ बढी समस्यामा परेको संघले जनाएको छ। यसमा पनि ७०० प्राविधिकलाई दैनिक गुजारा चलाउन नै समस्या भएको छ। तर केही चलचित्रकर्मीहरुले भने म्युजिक भिडियोको साहरामा केही हदसम्म काम पाइरहेका छन्।

निषेधाज्ञा खुकुलिएपछि सानो समूहमा म्युजिक भिडियोको छायाङ्कन हुन थालेको छ। म्यूजिक भिडियोमा सक्रिय कलाकारले मात्र यतिखेर काम पाइरहेको चलचित्रकर्मीहरु बताउँछन्। फिल्ममै निर्भर भएर बाँच्ने कलाकारलाई लामो समय काम नहुँदा दैनिक गुजारा चलाउन नै मुश्किल पर्दै गइरहेको छ।

फिल्मको काम बन्द भएपछि कलाकारहरु म्युजिक भिडियो तिर आकर्षित हुँदै गएको पाइन्छ। अभिनेता दयाहाङ राई, विपिन कार्की, नाजिर हुसेन, अभिनेत्री केकी अधिकारी लगायतका चल्तीका कलाकारहरु पनि लकडाउन खुकुलिएपछि म्युजिक भिडियोमा काम गरे। फिल्मको काम बन्द भएपछि दर्शकसँग जोडिन म्युजिक भिडियो गरेको उनीहरुको भनाइ छ।

हालै गायक सन्तोष लामाको स्वरमा 'डर छैन' बोलको म्युजिक भिडियोमा देखिएका विपिन दर्शकसँग जोडिन म्युजिक भिडियोमा अभिनय गरेको सुनाउँछन्। आफूलाई अफर आएका गीतहरुमध्ये उनले एउटा मात्र गीत रोजेर गरेका हुन्। असोजबाट 'प्रासद २'को छायांकनको तयारीमा जाने तयारीमा थिए उनी। तर, काठमाडौंमा कोरोना संक्रमित बढेसँगै छायांकन निश्चित नभएको उनी सुनाउँछन्।

कोरोनाले वाक्क भएका दर्शकलाई मानसिक राहत दिन आफूले म्युजिक भिडियो गरेको दयाहाङ राई बताउँछन्। हालै 'डुब्लिकेट माया'बोलको म्युजिक भिडियो गरेका नाजिर ठूलो समूहमा काम गर्ने अवस्था नभएर भिडियो गरेको बताउँछन्।

लकडाउनपछि अभिनेता पुष्प खड्काले पनि ७ वटा म्युजिक भिडियो गरे। फिल्मको काम नभएपछि म्युजिक भिडियो गरेको उनी बताउँछन्। म्युजिक भिडियोबाट फिल्ममा करियर थालेका पुष्प खड्कालाई यो समयमा कामको अभाव भने भएन। लकडाउनमै एउटा फिल्ममा अनुबन्धित भएका उनलाई पनि काम गर्ने हतारो छ।

म्युजिक भिडियोले मात्रै धेरै दिन नधान्ने उनीहरु बताउँछन्। म्युजिक भिडियोमा काम पाए पनि एकदमै न्यून कलाकारहरुले पाउने कारण पनि समस्याको समाधान नहुने उनीहरुको भनाइ छ। झनै दशैं नजिँकिदै जाँदा चलचित्रकर्मीहरु तनावमा परेका छन्। दशैंमा खर्च बढ्ने तर आम्दानी शुन्य हुँदा अवस्था नाजुक हुँदै गएको उनीहरु बताउँछन्। सरकारले पनि यस विषयमा गम्भीररुपमा ध्यान दिएर चलचित्र क्षेत्र खुलाउन केही उपाय निकाल्नुपर्ने उनीहरुको भनाइ छ।

## 'हिँड्दा हिँड्दै'मा आकाश र सलोन



**काठमाडौं/मस-** फिल्म 'हिँड्दा हिँड्दै' बन्ने भएको छ। राजधानीमा आयोजित एक कार्यक्रमका बीच फिल्मको शुभमुहुर्त गरिएको छ। कोरोना कहरका कारण बिगत ६ महिनायता फिल्मी सम्बन्धि औपचारिक कार्यक्रम आयोजना भएको थिएन। 'हिँड्दा हिँड्दै'ले भने स्वस्थ्य सुरक्षाका उपाया अपनाएर भौतिक दुरी कायम राख्दै शुभमुर्हुत समेत गरेको छ। मुर्हूत कार्यक्रममा फिल्मका कलाकार, पत्रकार र प्राधिकिहरुको उपस्थिती रहेको थियो।

नारायण सुशील पंगेनी इन्टरटेन्मेन्टको ब्यानर र मिलन आले मगरको निर्देशन रहेने 'हिँड्दा हिँड्दै'मा आकाश श्रेष्ठ, सलोन बस्नेत, बिकास थापाको अलवा नवनायिकाको रुपमा रेखा शाहको अभिनय रहनेछ। प्रेमकथामा बन्न लागेको फिल्म असोज दोश्रो साताबाट छायांकनका लागि फ्लोरमा जाने कार्यक्रममा जानकारी दिइयो। दिल लामा, रामकुमार थिङ र पारस गुरुङ निर्माता, सुशील पंगेनी प्रस्तुतकर्ता रहेको फिल्मको लेखन पंगेनीले नै गरेका हुन्।

काठमाडौ उपत्यका र तराइमा खिचिने फिल्ममा देव महर्जनको द्वन्द्ध निर्देशन, कविराज गहतराजको नृत्य निर्देशन, अमृत महरठ्ठाको मेकअप, निरञ्जन घिमीरेको ड्रेस, मधुराज भण्डारीको हेयर ड्रेसिङ रहनेछ। सुमनकुमार तण्डुकारको छायाँकन रहने फिल्ममा मुख्य सहायक निर्देशकमा यम भण्डारी र राजकुमार थिंङ अनि सहायक निर्देशकमा भुपेन्द्र भुजेल र फणिन्द्र बोहरा छन्।

कार्यक्रममा अभिनेता आकाशले फिल्ममा आफ्नो लभर ब्वाइको भूमिकामा रहेको सुनाए। त्यसैगरी अर्का अभिनेता सलोनले चलचित्रमा आफू दर्शकलाई हसाउने तथा रुवाउने, दुवै प्रकारको चरित्रमा रहने बताउदा नवअभिनेत्री रेखाले 'हिँड्दा हिँड्दै' ले आफूलाई कुशल अभिनेत्रीका रुपमा स्थापीत गर्ने बिश्वास ब्यक्त गरिन्।

## कमल सरगमको शब्दमा 'सानु'




**काठमाडौं/मस-** अभिनेता आकाश श्रेष्ठ र नायिका तथा मोडल एलिजा गौतम अभिनित लोकदोहोरी गीत 'सानु'को भिडियो सार्वजनिक भएको छ। डिएआर मुभिजले बजारमा ल्याएको गीतमा प्रताप दास, समिक्षा अधिकारी र आयुशा गौतमको स्वर रहेको छ। गीतमा कमल सरगमको शब्द, घमेश दुलालको लय, कमल सौरागको एरेन्ज छ।

प्रभावन जेको निर्देशन रहेको भिडियोमा गुराँस ढकाल र बाल कलाकार समाइरा थापाको पनि अभिनय रहेको छ। भिडियोमा ज्ञानेन्द्र शर्मा हुमागाईको छायांकन, सन्तोष राजबाहकको कोरियोग्राफी, राजाराम गौतमको सहायक निर्देशन छ।



## ड्रगसको मुद्दामा जोडियो दीपिकाको नाम

**काठमाडौं/एजेन्सी-** एन, एस, जी, दी र के गरी नामको पहिलो अक्षर मात्रै लेखेर गरिएको बलिउड ड्रग्स च्याटमामा दी को अर्थ दीपिका पदुकोण भएको खुलेको छ। नाइम्स नाउको रिपोर्टलाई आधार बनाएर नवभारत टाइम्सले यो खबर सार्वजनिक गरेको हो। रिपोर्टका अनुसार सारा, श्रद्धा र रकुलपछि एनसीबी दीपिका पादुकोणलाई पनि सोधपुछका लागि बोलाउने (समन पठाउने) तयारीमा छ। एनबसीले अर्को साता दीपिकालाई यसबारे सोधपुछका लागि पत्र पठाउने बताइएको छ।

एनसीबीका एक अधिकारीले टाइम्स नाउलाई दिएको जानकारीमा भनिएको छ, 'ड्रग्स च्याटमा 'दी' अर्थात् दीपिका पादुकोणले जुन 'के' सँग ड्रग्सको माग गरिरेहका छिन् त्यो करिश्मा हुन्, उनी क्विन ट्यालेन्ट म्यानेजमेन्ट एजेन्सीकी कर्मचारी हुन्। दीपिकाको ड्रग्सको प्रश्नमा करिश्माले भनेकी छिन्, 'मसँग छ तर घरमा छ। यदि भन्छौ भने म अमितसँग सोधदिन सक्छु।' यसको जवाफमा दीपिकाले भनेकी छिन्, हुन्छ'।'

सुशान्तको मृत्यु प्रकरणको अनुसन्धानका क्रममा बलिउडमा ड्रग्स सेवनको खुलासा भएको हो। ड्रग्स मामिलामा रिया चक्रवर्ती अहिले जेलमा छिन्। एनसीबीले सुशान्तका पूर्वट्यालेन्ट म्यानेजर जया शाह र पूर्वबिजनेस म्यानेजर श्रृति मोदीसँग सोमबार सोधपुछ गरिसकेको छ। भने आज मंगलबार पुनः उनीहरुसँग एनसीबीले सोधपुछ गर्नेछ।

सोधपुछका क्रममा जयाले फिल्ममेकर मधु मन्तेना बर्माको नाम लिएकी थिइन्। मधु मन्तेनाले चलचित्र 'सुपर ३०' 'उडता पन्जाब', 'क्विन', 'मसान' जस्ता हिट चलचित्र निर्माण गरेका हुन्।

उता सुशान्तसिंह राजपुतको निधनमा मुख्य आरोपी रिया चक्रवर्तीलाई थप १४ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ। सुशान्तको निधनसँग जोडिएको लागुऔषध मुद्दामा रिया अब ६ अक्टोबरसम्म नार्कोटिक्स कन्ट्रोल ब्यूरो (एनसीबी)को हिरासतमा रहनेछिन्। रियाका भाई शौविकसहित अन्य व्यक्तिहरु पनि लागुऔषध दुर्व्यसनी तथा ओसार पसारमा संलग्न भएको आरोपमा हिरासतमा छन्।

रियाका वकिल सतीश मानेशिन्देले बाम्बे हाई कोर्टमा जमानतका लागि निवेदन दिएका छन्। जसमाथि भोलि २३ सेप्टेम्बरमा सुनुवाइ हुँदैछ। लागुऔषध दुर्व्यसनीमा अन्य अभिनेत्रीहरु रकुल प्रीत सिंह, सारा अली खान, श्रद्धा कपुर लगायत पनि संलग्नता रहेको पाइएको छ। ती अभिनेत्रीलाई सोधपुछमा बोलाउने एनसीबीको तयारी छ।


प्रदेश सरकार
सूदुरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला अस्पताल, बझाङ्ग**

**क्याटलग/ब्रोसर सपिङ बिधिबाट एम्बुलेन्स र शव वाहन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/०६/०७**

यस कार्यालयको आ.ब.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका सवारी साधन सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ क (८) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताहरु मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) बिधिबाट खरिद गर्नु पर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ नियम ३१ (ख) उपनियम २ अनूसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेसिफिकेसन गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपशिलमा उल्लेख भए बमोजिम प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यस कार्यालयबाट स्वीकृत सवारी साधनको प्राबिधिक स्फेसिफिकेसन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ।
२. उक्त सवारी साधन लिनका लागि ईच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्याबधिक नबिकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृद्धि कर दर्ता प्रकाण पत्र, आ.ब.०७६।०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको बिस्तृत बिबरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र सहितका कागजातहरु सहित यो सूचना प्रकाशित भएको ८औं दिन दिउँसो १२ बजे सम्म यस कार्यालयमा उपस्थित हुनु पर्ने छ।
३. यो सूचना प्रकाशित भएको मितिले ८औं दिन दिउँसो १२ बजेसम्म यस कार्यालयमा सिलबन्दि प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दि प्रस्ताव सोहि दिन दिउँसो १४:०० बजे खोलिने छ।
४. साथै सूचिकृत नभएका उत्पादक तथा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दि प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ।
५. पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा पछिल्लो कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

| सि. नं. | सवारी साधनको नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|
| १ | एम्बूलेन्स | Hard top jeep Ambulance , 4 wheel drive maximum rated power output not less than 60 KW at governed RPM &Maximum Torque not Less than 190 NM | संक्षिप्त बिबरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical Specification बमोजिम हुनेछ। |
| २ | शवबाहन | Hard top jeep Ambullance , 4 wheel drive maximum rated power output not less than 60 KW at governed RPM & Maximum Torque not Less than 175 NM | संक्षिप्त बिबरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical Specification बमोजिम हुनेछ। |

**जिल्ला अस्पताल, बझाङ्ग**